जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५


वर्ष ४० अंक २६ २०७८ साल माघ ९ गते आइतवार (23 Jan. 2022 Sunday) मूल्य रु. ७/-

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : सक्छौ त सरकार सरकारी ... पृष्ठ ३ मा : यस्ता छन् ओमिक्रोन संक्रमितमा ... पृष्ठ ४ मा : भैया, मिलल मधेस ... पृष्ठ ५ मा : दुई हुण्डी कोरोबारी ...

## दिनँहु संक्रमित थपिदै



**राजविराज**/कोरोनाको तेश्रो लहर सुरु भएपछि सप्तरीमा डेढ साताको अवधीमा दैनिक संक्रमितहरु थपिदै गएको छ ।

शनिबार एक दर्जन संक्रमित थपिएपछि जिल्लामा कुल संक्रिय संक्रमितको संख्या १ सय ८८ पुगेको छ भने यस अवधीमा दुई जना संक्रमितको मृत्यु समेत भइसकेको छ ।

शनिबार २५ जनाको स्वाव परिक्षण गर्दा १२ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । संक्रमित हुनेमा तीन महिला र ९ जना पुरुष छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार संक्रमण पुष्टि भएकाहरुमा कंचनरुप नगरपालिकाका सर्वाधिक ६, राजविराज नगरपालिकाका ३ तथा डाक्नेश्वरी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकाका एक/एक जना छन् ।

यसअघि शुक्रबार गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालामा ३७ जनाको स्वाव परिक्षण गर्दा २३ जनामा कोरोना संक्रमण्को पुष्टि भएको छ । संक्रमित हुनेहरुमा सप्तरी जिल्ला अदालतका चार जना कर्मचारी समेत छन् ।

यस्तै बिहीबार संक्रमित हुने ३० जना मध्ये १६ जना एउटै वडा राजविराज नगरपालिका ८ का छन् । अन्य संक्रमितहरु राजविराज नगरपालिकाको विभिन्न वडा, रुपनी गाउँपालिका, कंचनरुप नगरपालिका र अन्य जिल्लाको रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

संक्रमित भएका सप्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुर राजविराज इजलाशका ७ जना न्यायाधिश, प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर राजविराज सम्पर्क कार्यालयका ७५ जना सुरक्षाकर्मी, राष्ट्रिय बाणिज्य बैंकका १४ जना कर्मचारी र गजेन्द्र नारायण सिंह अस्पतालका एक जना चिकित्सक होम आइसोलेशनमा छन् ।

यता संक्रमितहरु घरमै बस्ने इच्छा जाहेर गर्ने गरेकाले अस्पताल तथा विभिन्न स्थानिय तहहरुद्वारा संचालनमा ल्याइएको आइसोलेशन सेन्टर खाली अवस्थामा छन् ।

गजेन्द्र नारायण सिंह अस्पताल, साई कृष्णा मेडिकल, भारदह अस्पताल, छिन्नमस्ता अस्पताल, युनिक अस्पताल, शत्रुघन अस्पताल, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका र खडक नगरपालिकामा गरि ९ स्थानमा आइसोलेशन सेन्टर संचालनमा ल्याइएको भएपनि संक्रमित बस्न नरुचाउँदा सबै रिक्त रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवले बताए ।

## नाम मधेश प्रदेश, राजधानी जनकपुरधाम

**जनकपुरधाम**/प्रदेश २ को नाम मधेश र स्थायी राजधानी जनकपुरधाम पारित भएको छ ।

प्रदेशसभाको सोमबार बसेको बैठकले प्रदेशसभाको नाम मधेस प्रदेश र स्थायी राजधानी जनकपुरधाम राख्ने दुबै प्रस्ताव दुई तिहाई बहुमतका साथ पास भएको हो ।

प्रदेशको नामका लागि भएको मतदानमा ९९ सांसद मध्ये ८० जनाले पक्षमा मत दिएका थिए भने राजधानी जनकपुरधामका लागि भएको मतदानमा सहभागि ९९ सांसद मध्ये ७८ वटा मत परेको थियो ।

जनता समाजवादी पार्टी (जसपा)सँगै सत्तारुढ माओवादी केन्द्र र विपक्षी लोकतान्त्रिक समाजवादी पार्टीले संयुक्त रुपमा प्रदेशको नाम मधेश प्रस्ताव गरेका थिए । जसपाको ३९, माओवादीका ८ र लोसपाको १६ गरी ६३ जना सांसद थिए । १ सांसद रहेको नेपाल संघीय समाजवादी पार्टीले पनि यसमा समर्थन जनाएको थियो ।

यसअघि कांग्रेसले ‘मिथिला भोजपुरा’, नेकपा एकीकृत समाजवादी र नेकपा एमालेले ‘जानकी’ तथा कांग्रेसकै सांसद राजेश्वर साहले ‘मध्य मधेश’ नाम प्रस्ताव गरेका थिए ।

प्रदेशसभामा प्रदेशको राजधानी वीरगञ्ज-पोखरीया नगरपालिका, सखुआ प्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका, जीतपुर-सिमरा निजगढ हुँदै समरौनगढसम्म) तोक्ने प्रस्ताव र वीरगञ्ज महानगर तोक्ने प्रस्ताव पनि पेस भएको थियो ।

प्रदेशको राजधानी धनुषा जिल्लाको उत्तरमा ढल्केबर पूर्वपश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, दक्षिणमा नेपालको सीमाना र पश्चिममा मिथिला माध्यमिकी परिक्रमाभित्रको सम्पूर्ण भूभाग समेटिएको जनकपुरधाम रहने उल्लेख छं ।

## मधेश प्रदेश नामांकरणले सहिदको सपना साकार : मुख्यमन्त्री राउत

**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले मधेश प्रदेश नामाकंरणले सहिदको सपना साकार भएको बताएका छन् ।

मधेश आन्दोलनका क्रममा ज्यान गुमाएकाहरुको सम्मानमा बुधबार राजविराजमा आयोजित चौथो बलिदानी दिवसको अवसरमा उनले सो कुरा बताउँदै मधेश प्रदेशको स्थापना सहिदहरुको सपना रहेकाले आज त्यो सपना साकार भएको जिकिर गरे ।

आन्तरिक मामिला तथा संचार मन्त्रालय र मधेशी सहिद प्रतिष्ठानद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा उनले केन्द्र सरकार अहिले पनि प्रदेश सरकारलाई स्वायत्ता र अधिकार दिन नचाहिरहेको आरोप लगाउँदै मधेश प्रदेशको प्रहरी ऐन तयार रहेपनि प्रहरी समायोजना हुन नसकेको गुनासो गरे ।

मधेश आन्दोलन तथा अन्य आन्दोलनमा प्राणको आहुती दिने सहिदहरुको सम्मान र सम्मभ्कनामा मधेश प्रदेशको पाँच जिल्लामा सहिद पार्क तथा सहिदहरुको प्रतिमा स्थापना गर्ने र यसका लागि आन्तरिक मामिला तथा संचार मन्त्रालयले मधेशी सहिद प्रतिष्ठान मार्फत आवश्यक काम अघि बढाएको उनले जानकारी समेत दिए ।

त्यस्तै सहिद परिवारका लागि मधेश प्रदेशले रोजगारीको व्यवस्था गरेको तथा रोजगारी नपाएका परिवारजनलाई मासिक रुपमा २२ हजार रुँपैया उपलब्ध गराउनेतर्फ कार्य सुरु गरिसकेको बताए ।

कार्यक्रममा मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गरेका ५९ जना सहिद परिवारलाई मधेश प्रदेश सरकारको तर्फबाट जनही ३/३ लाख रुँपैया तथा घाइतेहरुको उपचारका लागि २५ देखी ३ लाखको चेक प्रदान गरिएको थियो ।

आन्तरिक मामिला तथा संचार मन्त्री भरत साहको अध्यक्षतमा आयोजित समारोहमा संघीय सांसद चन्द्रकान्त चौधरी, राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, जसपाका मधेश प्रदेश अध्यक्ष रामबाबु यादव, मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, प्रदेशसभा सदस्य मनिषकुमार सुमन, गिता यादव, विक्की यादव, नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेश यादव, जसपाका जिल्ला अध्यक्ष केदार यादव, नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष उमेश कुमार यादव, लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झा, नेकपा एकिकृत समाजवादीका प्रताप नारायण चौधरी, मधेशी सहिद प्रतिष्ठानका सदस्य रामनरेश राय, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवलगायतले पनि शुभकामना दिँदै सहिदहरुप्रंति सम्मान र श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

२०६३ माघ ५ गतेका दिन सिरहाको लहानमा पहिलो मधेश आन्दोलनका क्रममा रमेश महतोले सहादत प्राप्त गरेपछि माघ ५ गतेलाई विभिनन चरणका मधेश आन्दोलनमा सहादत प्राप्त गर्नेहरु समेतको स्मरणमा बलिदानी दिवस मनाउने गरिएको हो । यस दिन प्रदेश सरकारले सार्वजनिक विदा समेत दिने गरेको छ ।

## देशभरका अदालतमा शोक बिदा

**काठमाडौं**/आइतबार देशभरका अदालतमा शोक बिदा दिइएको छ । सर्वोच्च अदालतको शनिबार बसेको पूर्ण बैठकले पूर्वप्रधानन्यायाधीश मोहनप्रसाद शर्माको निधनमा उक्त बिदा दिने निर्णय गरेको हो ।

बैठकपछि जारी गरेको प्रेस विज्ञप्तिमा सर्वोच्च, उच्च र जिल्ला, विशेष तथा न्यायाधीकरण गरी देशभरका अदालतमा आइतबार शोक बिदा दिने निर्णय गरेको उल्लेख छ ।

पूर्वप्रधानन्यायाधीश शर्माको ८८ वर्षको उमेरमा बुधबार निधन भएको थियो । सरकारी सेवामा २०१५ सालमा प्रवेश गरेका शर्मा २०१७ सालमा कानून मन्त्रालयको शाखा अधिकृतबाट बढुवा भएर अदालतको न्यायाधीश भएर काम गर्दै २०५४ चैतदेखि २०५६ मङ्सिर ३० गतेसम्म नेपालको प्रधानन्यायाधीश भएर काम गरेका थिए । स्व शर्माको एक छोरा एक छोरी छन् ।

➢ खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
➢ भूमिको अधिकतम उपयोग गरौं ।
➢ कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
➢ भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अपराध मुक्त समाज निर्माणमा सबैको सहयोग आवश्यक

समाजबाट अपराधलाई मुक्त गराउन सम्पूर्णको सहयोग आवश्यक छ। प्रहरीको एकल प्रयासले समाजबाट अपराध मुक्ता हुन सक्दैन्। प्रहरी जनताको सेवक मात्र हो। उसलाई सूचना दिएर अपराधि गतिविधीप्रति निगरानी बढाउनुका अपराधीहरुलाई कानुनी कठघारामा उभ्याउन सक्छ। यस्ता सपनालाई साकार पार्न नेपाल प्रहरी दिनरात लागिपरेको छ। सप्तरी प्रहरीले विगतका समयमा अपराध गरेर फरार रहेका विभिन्न प्रतिवादी र अपराधमा संलग्नहरुलाई धमाधम पक्राउ गर्न लागिपरेको छ।

यसरी प्रहरीले चलाएको अभियान सह्रनीय रहेको छ। यता समाजबाट अपराध मुक्त गर्ने कार्य प्रहरीको मात्र नभएर सिंगो समाजको पनि रहेको छ। यसका लागि सर्वप्रथम अपराधलाई निरुत्साहित गर्न सबैको सहयोग आवश्यक हुन्छ। अपराध मुक्त समाजको परिकल्पना गरेर मात्र नभएर यसको निराकरणप्रति पनि सबै सचेत हुनुपर्दछ।

तसर्थ कुनै पनि अपराधलाई निरुत्साहित पार्न जनताले प्रहरीको सहयोग गर्नुपर्दछ। जनताको सेवा समर्पित प्रहरीको हौसला बढाउन सकिए पक्कै पनि समाजलाई अपराध मुक्त गर्न सकिन्छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सक्छौ त सरकार सरकारी चिकित्सकको प्राइभेट प्राक्टिस बन्द गर्न ?



**डा अशोक चापागाईं**

कुनै दिन आफैंले एउटा लेखमा लेखेको थिएँ 'सरकार! सरकारी स्वास्थ्य क्षेत्रमा काम गर्ने स्वास्थ्यकर्मी/चिकित्सकको प्राइभेट प्राक्टिस बन्द गर, नत्र नीतिगत भ्रष्टाचारले सरकारी स्वास्थ्य संस्था धरासायी हुन्छ, जनताले सस्तो र राम्रो स्वास्थ्य सेवा पाउदैनन्।' हुन त सरकारले यो विषयमा धेरै समय अघिदेखि पहल गरेको छ। सरकारको पहलकदमी स्वरुप अहिले दुई कार्यक्रम छन्। 'विस्तारित अस्पताल सेवा' र 'एक चिकित्सक एक स्वास्थ्य संस्था' कार्यक्रम तर यी कार्यक्रमहरुको शिर्षक जति राम्रो छ, निर्देशिका उति नै कमजोर छ।

यी कार्यक्रमहरुका निर्देशिकामा व्यवहारिक अड्चन र नीतिगत कमजोरीका कारण यसको पालनाले मात्र चिकित्सक/स्वास्थ्यकर्मीको जिविकोपार्जन र जीवनशैली कठिन हुने भएकोले फलतः यी कार्यक्रमहरुले आफ्नो शिशु अवस्थामा नै दम तोड्दैछन्। तसर्थ अब भोलिको बाटो के त भनेर एक सरकारी चिकित्सक भएको नाताले आफूपनि नीतिगत भ्रष्टाचारबाट पर भइयोस् र आफूले दिने सेवाको दायरा र गुणस्तरमा पनि बढोत्तरी होस् भनेर यहाँ केहि लेख्दै छु।

सरकारले तोकेको ड्यूटी आवर भित्र सरकारीमा काम गर्ने र त्यसपछि बाहिर प्राइभेट अस्पतालमा काम गर्ने सरकारी चिकित्सक/स्वास्थ्यकर्मीलाई आफ्नो ड्यूटी आवर बाहिर पनि सरकारी स्वास्थ्य संस्थामा नै काम गर्न लगाउने तर त्यसको पारिश्रमिक प्राइभेटको जस्तै बनाउने भन्ने एक कार्यक्रमको नाम हो 'विस्तारित अस्पताल सेवा'।

यो कार्यक्रम स्वास्थ्य मन्त्रालयले जनता र स्वास्थ्यकर्मी दुवैलाई राम्रो होस् भन्ने मनसायले अघि सारेको हो।

चिकित्सक/स्वास्थ्यकर्मीलाई प्राइभेट प्राक्टिसमा संलग्न हुनबाट निरुत्साहित गर्न बनेको 'विस्तारित अस्पताल सेवा' कार्यक्रमको कमजोर पक्षको उदाहरणको रुपमा म मेरै एक सहकर्मी चिकित्सकको भोगाइ अघि सार्दै छु।

कुरो केहि बर्ष अघिको हो। म प्राइभेट गर्दिन भनेर उनी २/४ महिना २४ घण्टा सरकारीमा खटिएका थिए। पछि तलव बुझ्ने बेलामा उनले महिनाको दस हजार मात्र बढी पाए। महिनाको तलब जम्मा ३०-४० हजारले २४ घण्टा सरकारीमा सेवा दिएर आफ्नो जिविकोपार्जन हुन हम्मेहम्मे देखेपछि उनले प्राइभेट प्राक्टिस गर्न थाले।

त्यसपछि उनले न कहिल्यै' विस्तारित अस्पताल सेवा' गरे, न सायद गर्ने छन्। विस्तारै उनको प्राइभेट प्राक्टिस फस्टाउँदै गयो अहिले उनी महिनाको ५-६ लाख कमाउँछन्। यो एक दुखःद प्रसंग हो। र उनी जस्तो दक्ष चिकित्सक चाहँदाचाहँदै पनि सरकारी अस्पतालको पुर्णकालिन सेवामा नसेमिटिनु दुर्भाग्य हो। यस्तै निरुत्साहित फल दिने कार्यक्रमको रुपमा 'अहिलेको एक चिकित्सक एक स्वास्थ्य संस्था' कार्यक्रमलाई धेरै चिकित्सकहरुले लिएका छन्।

**गर्न के सकिन्छ ?**

पहिले त यी दुई कार्यक्रम (एक चिकित्सक एक स्वास्थ्य संस्था र विस्तारित अस्पताल सेवा) दुवैका कमजोर पक्षलाई सवल बनाउनु जरुरी छ। 'विस्तारित अस्पताल सेवा' अन्तर्गत बिरामीलाई लिइने शुल्क प्राइभेट अस्पतालको तुलनामा कम छ र कम नै राखिनु पर्दछ। किनकी सरकारी अस्पताल भनेको औसत नेपालीको अस्पताल हो। र यहाँका कार्यक्रम विपन्न र रेखामुनीका जनतामा केन्द्रीत हुनु पर्दछ। हाललाई यस कार्यक्रमको ठूलो कमजोरी भनेको प्राइभेटमा जुन अनुपातले चिकित्सक/स्वास्थ्यकर्मीलाई पारिश्रमिक दिन्छन् सो अनुपातको पारिश्रमिक यस कार्यक्रममा नहुनु होास्।

उदाहरणको लागि एउटा रेडियोलोजिष्टले प्राइभेटमा भिडियो एक्सरे गरेको बिरामीले तिर्ने शुल्कको ५० प्रतिशत पाउँछ, इमेजिङ गाइडेड कुनै शल्यक्रिया गरेको बिरामीले तिर्ने शुल्कको ८० प्रतिशत पारिश्रमिक पाउँछ। तर विस्तारित अस्पताल सेवा अन्तर्गत भिडियो एक्सरे गरेको बिरामीले तिर्ने शुल्कको २० प्रतिशत, इमेजिङ गाइडेड कुनै शल्यक्रिया गरेको बिरामीले तिर्ने शुल्कको ० प्रतिशत पारिश्रमिक पाउँछ।

अब कुरा के भयो भने प्राइभेट अस्पतालले चिकित्सक/स्वास्थ्यकर्मीलाई पारिश्रमिक दिएर मनग्य नाफा लिन सक्ने तर सरकारी अस्पतालले चिकित्सक/स्वास्थ्यकर्मीलाई सोही अनुसारको पारिश्रमिक दिन नसक्ने ? त्यो पनि सोही प्रयोजनको लागि स्थापित 'विस्तारित अस्पताल सेवा' कार्यक्रममा। तसर्थ 'विस्तारित अस्पताल सेवा अन्तर्गत' सेवा जतिसुकै सस्तो भएपनि सेवाग्राहीबाट उठ्ने आम्दानीको अनुपातिक विभाजन जबसम्म प्राइभेट सरह हुँदैन कोहि चिकित्सक प्राइभेट छाडेर पुर्णकालिन रुपमा सरकारीमा समर्पित हुन सक्दैनन्। स्वास्थ्य खबरबाट


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# यस्ता छन् ओमिक्रोन संक्रमितमा देखिन सक्ने २० लक्षण

नेपालमा कोरोना संक्रमितको संख्या दैनिक बढ्दै गइरहेको छ । ओमिक्रोन भेरियन्ट र डेल्टा दुवै भेरियन्टका संक्रमित भेटिएका छन् । तर पछिल्लो केही दिनयता ओमिक्रोन भेरियन्टका संक्रमितको संख्या ह्वात्तै बढ्दै गएको छ ।

कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट यसअघिको डेल्टा भेरियन्टभन्दा बढी संक्रामक रहेको बताइएको छ । ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि संक्रामक दर गुणात्मक रुपमा फैलिने बताइएको छ ।

ओमिक्रोनले पार्ने असरका बारेमा थप अध्ययन अनुसन्धान भइरहेको उनको भनाइ छ । पछिल्लो एक हप्तामा कोरोना संक्रमण विश्वभर एक करोडमा पुष्टि भएको छ । यति धेरै संक्रमण हुनुको कारण ओमिक्रोन भेरियन्ट नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

ओमिक्रोनले कोरोना खोप लगाएका-नलगाएका दुवैलाई संक्रमण हुन सक्दछ । संक्रमित भएकामध्ये खोप नलगाएकालाई धेरै गाऱ्हो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ । खोप नलगाएका व्यक्तिको ज्यान जाने पनि खतरासमेत रहेको छ ।

ओमिक्रोन भेरियन्टले मानिसमा बढी हाच्छ्युँ आउने, हल्का ज्वरो आउने, धेरै रुघा लाग्ने जस्तो लक्षण देखिने गर्दछ । घाँटी खसखस हुने, चिलाउने र श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण पनि देखिएका छन् ।

बेलायतमा भएको एक अध्ययनले ओमिक्रोन संक्रमितमा विभिन्न २० वटा लक्षण देखिएको पत्ता लगाएको छ । यी लक्षण एकै व्यक्तिमा सबै लाग्ने नभएर ओमिक्रोन संक्रमितहरुमा देखिएका लक्षणहरु हुन् । अध्ययनले संक्रमितहरुमा देखिएका लक्षणहरु संकलन गर्ने क्रममा निम्न २० लक्षण देखिएको जनाएको छ ।

१. टाउको दुख्ने
२. नाकबाट पानी बग्ने
३. थकाइ
४. हाच्छ्युँ
५. घाँटी खसखस हुने
६. खोकी लाग्ने
७. कर्कश आवाज
८. जाडो लाग्ने वा शरीर काँप्ने
९. ज्वरो
१०. रिंगटा लाग्ने
११. मस्तिस्कमा सामान्य असर । जस्तै केही कुरा भुल्ने, एकाग्र नहुने ।
१२. सुँघ्ने क्षमतामा फरक
१३. आँखामा दुखाइ
१४. मांशपेशीमा दुखाइ
१५. छाती दुख्ने
१६. भोक नलाग्ने
१७. स्वाद हराउने
१८. कमजोरी
१९. श्वासप्रस्वासमा समस्या
२०. छालामा डबर तथा दाग देखिने

**बच्ने उपाय**

यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटक पटक धुनु पर्दछ । सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ । स्वास्थ्य खबरबाट


जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड








छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

# भैया, मिलल मधेस प्रदेश !



चन्द्रकिशोर

प्रदेश २ सरकारले प्रदेश सभाबाट प्रदेशको नाम 'मधेस प्रदेश' घोषणा गरेको छ। यसको स्वागत र विरोध भइरहेको छ। सम्मति र विमति दुवै लोकतन्त्रकै पाटा हुन्। कैयौं प्रश्न उदाएका छन्, कतिपय जवाफ फेरि पनि छरपस्टिएका छन्। लामो समयदेखि थाती रहेको यो विवाद टुंगो लगाउन नसक्दा प्रदेश २ सरकारको आलोचना हुँदै आएको थियो। यस परिप्रेक्ष्यमा विवादलाई सुझबुझपूर्ण ढंगले टुंगो लगाएकामा प्रदेश २ सरकारको नेतृत्वलाई चिरकालसम्म याद गरिनेछ।

खास गरी पहिचानआधारित प्रदेशको नाम दिने पहिलो प्रदेशका रूपमा यो चिनिने भएको छ। जब एउटा अटल अडानले मूर्तरूप लिन्छ, त्यसले कैयौं दृष्टिकोणका रूखहरू ढाल्छ र धरतीमा कम्पन ल्याउँछ। प्रदेशको पहिचान जनकपुरमा निधो हुँदै गर्दा काठमाडौं विस्मयमा थियो।

माघ मधेसका लागि विद्रोह र बलिदानको महिना हो। यो सूर्य दक्षिणायनबाट उत्तरायण हुने समय हो। राजनीतिमा समय छनोटको दूरगामी महत्त्व हुन्छ। इतिहासले आवश्यकता अनुसारको पात्र जन्माउँछ र आफ्नो दिशा एवं गति स्वयं ठम्याउँछ। लालबाबु राउतका लागि, जो मुख्यमन्त्रीका रूपमा लामो समय टिक्ने रेकर्ड बनाउँदै छन्, राजनीतिमा परिस्थिति अनुसार उपयोग गर्न र हुन चाहने व्यक्तिको कहिल्यै अभाव रहेन। यही सोमबार ऐतिहासिक घोषणा गरिन्छ, त्यसको सम्मानमा भोलिपल्ट मंगलबार प्रदेशभर सार्वजनिक बिदा दिइन्छ। र हिजो मधेस विद्रोहको स्मृतिमा बलिदान दिवस मनाइन्छ। सम्भावित सत्ताको एकाधिकारवादी चरित्रसँग जुध्न लालबाबुसँग यही तुरूप बाँकी थियो।

मधेस प्रदेश पाइयो। हिजोसम्म एउटा समुदायको काल्पनिकीमा मधेसीहरू 'मर्स्या', धोती र भैया थिए। मधेसीहरू भारतीय मूलका हुन् भन्ने संकथन फिँजाइएको थियो। गैरमधेसी नेपाली मातृभाषीहरू आफूलाई असली नेपाली ठान्ने, बरु छिमेकी भारत वा भुटानका नेपालीभाषीलाई 'नेपाली' मान्ने तर मधेसीहरू नेपाली होइनन् भन्ने मानसिकता थियो। मधेस आन्दोलन नेपाली समाजमा मधेसीहरूको समान अस्तित्वका लागि गरिएको संघर्ष थियो र 'मधेस प्रदेश' त्यही संघर्षको एक विस्तारित रूप हो। नेपालभित्र मधेस प्रदेश छ भन्ने स्थापना नेपालभित्रकै अन्य भूगोल र बाहिर स्थापित भएको छ। पटकपटकको आन्दोलनका क्रममा मधेसी अभिलाषा जो मुखरित भएको थियो त्यसमा अग्र थियो- 'नेपाली नागरिकत्वलाई पुनर्व्याख्या।' नेपालको संविधान-२०७२ पश्चात् पनि त्यो अभिलाषा बाँकी थियो जो पूर्ण भयो। सीमावर्ती भारतका बिहार-उत्तरप्रदेशका बासिन्दाजस्तो शारीरिक बनोट, वेशभूषा, खानपान, भाषा भएकाहरूको नेपालभित्र पृथक् पहिचान छ, जुन मधेसी हो। दक्षिणी नेपालका रैथाने बासिन्दा बिहारी वा उत्तरप्रदेशवासी होइनन्, उनीहरू त जनक-सिद्धार्थका वंशज हुन्। तसर्थ यो नामकरणको राजनीतिक अभीष्ट त छँदै छ, सामाजिक सन्देश पनि लुप्त छैन।




मुलुक संघीय अभ्यासमा लागिसकेको छ। यस्तोमा राजनीतिक, सामाजिक, आर्थिक संरचना पुरानै ढर्रामा अघि बढ्ने हो भने अहिलेको नेपाल र भोलिको नेपालमा के फरक होला? परिवर्तनका नाममा पञ्चायती विकास क्षेत्र वा अञ्चलकै जस्तो कामकारबाहीले नेपालको रूपान्तरण प्रक्रियालाई अपेक्षित त के, गुणात्मक गतिसमेत प्रदान गर्दैन। प्रादेशिक अभ्यासमा आइसकेपश्चात् पनि सत्तामा वर्चस्व कायम गर्नेहरूको पुरानो तौरतरिका र चलखेल पुनः नयाँ संस्करणका साथ सुरु भएको थियो। अन्य प्रदेशको नामकरणको राजनीतितर्फ चियाऔं, धेरै कुरा छर्लंग हुन्छ। स्थानीय तहको नामकरणको विश्लेषण गर्नुस्, त्यसबाट कस्तो निष्कर्ष निस्किन्छ? तर पनि परिवर्तनकामी नेपालीजन त्यस्तो यथास्थितिवादी रवैयालाई टुलुटुलु हेर्न बाध्य भए। जनतालाई बडो चलाखीपूर्वक अल्झाउने षड्यन्त्रको कष्टकारी जालो बुनिँदै आयो। प्रत्येक आन्दोलनयता नेपालको वर्चस्वशाली जमातले प्राप्त उपलब्धिलाई कठपुतली बनाउँदै आयो। यसलाई एकातिर प्रतिक्रियावादीहरूले आफ्नो उत्थानको अवसरका रूपमा देखे भने जुझारु समुदायहरू बदलावका लागि बढी दबाब दिने हो भने प्राप्त उपलब्धि पनि मासिएला भनेर संयमित रहे। त्यस्तो गर्नु भनेको आखिरमा यथास्थितिवादीको चंगुलमा फस्नु थियो। जे जुन किसिमले प्रादेशिक राजनीति विकसित हुँदै आयो, त्यसले पुष्टि गरेको छ- संघीय नेपाल निर्माणको सपना भासिने खतरा बढेको छ। तर प्रदेश २ ले मधेस प्रदेशको घोषणा गरेर संघीय अभ्यासको राजनीतिलाई आशालाग्दो भविष्यतर्फ डोऱ्याउन सकिन्छ भन्ने देखाएको छ।

मधेस प्रदेशको अभ्यासले पहिचानमा आधारित प्रदेशको परिकल्पनालाई मूर्तरूप दिएको छ। नेपालमा जातिपिच्छे प्रदेश बनाउन सम्भव छैन तर मधेस प्रदेश राजनीतिक र आर्थिक हिसाबले समेत सम्भव भयो। यसले देशभित्र मधेसको सुरक्षित र सम्मानित भविष्य छ भनेर प्रस्ट्याउने मौका दिएको छ। यसले अलग हुन चाहनेहरूलाई पनि अलग हुनु नपर्ने अवस्था सृजना गरिदिन्छ। मधेस आन्दोलनको गर्भबाट जन्मिएको संघीयताको संकल्पलाई व्यवहारतः सार्थक तुल्याउन यसको प्रयोगका सामु देखिएका चुनौतीहरूको समाधान आधारभूत सर्त हो। संघीयताको परिपक्वता कुनै स्थिर विन्दु नभएर एउटा साधना हो जो दायित्वपूर्ण जनभागीदारी तथा विवेकयुक्त राजनीतिक संस्कृतिमा निर्भर हुन्छ। निश्चय नै, संघीय अभ्यास अत्यन्तै सूक्ष्म तरिकाले लोकजीवनबाट निःसृत हुन्छ। संघीयता जनजीवनको निरन्तरतामा एकात्म भएकाले जीवन्त हुन्छ र यसको पुष्टि यसले आफ्ना अभ्यासहरूमार्फत गर्छ। समाजको शक्तिको विनियोग धेरैजसो नेतृत्वमाथि नै निर्भर हुन्छ। मधेस प्रदेशले कैयौं उपलब्धि हासिल गरेको छ। तर बहुसंख्यक समाजको अपेक्षा समानता, समता र सौहार्दका साथ अगाडि बढ्नुमा छ। सामाजिक(राजनीतिक तनावलाई थेग्नु पनि महत्त्वपूर्ण चुनौती हो। तर त्योभन्दा अहम् हो- आन्तरिक औपनिवेशिक मनोवृत्ति र त्यसबाट भरथेग पाएको सामाजिक-राजनीतिक तन्त्रहरूबाट कसरी मुक्त हुने?

यतिखेर सोधिँदै छ- मधेस प्रदेशबाहेकका बासिन्दाले आफूलाई मधेसी भनेर चिनाउन मिल्छ कि मिल्दैन? तराईका अन्य हिस्सामा 'मधेस' भनिने दाबी रहन्छ कि रहँदैन? मधेससँग गाँसिएर आउने बिम्ब वा प्रतीकहरूले यसै पनि उदात्त परिकल्पना जगाउँछन्। तिनको उपादेयता नै त्यही भावनाका लागि हो। तराईका रैथानेहरू मात्र होइन, नेपालको जुनसुकै भूगोलमा बसाइँसराइ गर्न पुगेकाहरूले आफूलाई मधेसी पहिचानभित्र चिनाउन चाहे त्यो स्वतन्त्रता व्यक्तिविशेषमा निहित रहन्छ। सशक्त मधेसलाई वास्तविक अर्थमा कार्यमूलक र सहज बनाउन अझै कोसौं यात्रा गर्नुपर्नेछ। सुनको जतिसुकै सूक्ष्म टुक्रा पनि सुन नै कहलिन्छ। आफूभन्दा पूर्व र पश्चिमका भूभाग जोड्ने मधेस प्रदेशले एउटा राजनीतिक निर्णयका आधारमा टुक्रे प्रदेशको अस्तित्व पायो। कालान्तरमा यो प्रादेशिक सिमाना हेरफेर हुन पनि सक्छ। मधेसलाई खण्डित किन बनाइयो? किनभने नेपालको वर्तमान राजनीतिक भूगोलको प्राप्तिपश्चात् वर्चस्वशाली जमातले यति साह्रो आन्तरिक हस्तक्षेप कहिल्यै भोग्नुपरेको थिएन। त्यसैले उनीहरूले मधेसी पहिचानका ती सबै तन्तुमाथि हथौडा हानिरहे जसले त्यसलाई ऐक्यबद्ध र सशक्त बनाउँथे। अविच्छिन्न नेपाल राष्ट्रभित्र स्वायत्त प्रादेशिक सरकारको मान्यता मधेसीहरूको राजनीतिक लक्ष्य हो र हुनुपर्छ।

मधेस नेपाली राज्यसँगको सम्बन्ध निर्धारणमा एउटा बृहत्तर पहिचान हो। यसभित्र मिथिला पनि अटाउँछ र अवध पनि। मधेसभित्र सुदीर्घ र सम्पन्न पहिचान बोकेको मिथिला जनमनमा व्याप्त छँदै छ। निकै अघि सुगौली सन्धिबाट एउटा अन्तर्राष्ट्रिय साँध पाउँदा वारि र पारिको लोकमानसमा मिथिला बाँचेकै छ। हो, कुनै पनि भू-क्षेत्रमा त्यहाँको भाषिक राजनीतिले प्रभाव पारिरहेको हुन्छ। मधेस प्रदेशमा एकै प्रकृतिका सौदाबाजी गर्ने समूहहरू छैनन्। मधेस नामले मिथिला, भोजपुरा वा सलहेसजस्ता भाषिक वा मधेसी दलित पहिचानलाई छेकबार लगाउँदैन। यी सबै फकिन चाहने गौरवशाली पहिचानलाई उचित परिवेश दिएर मधेस प्रदेशले आफ्नो सामर्थ्य बढाउन सक्छ। आखिर राज्यमा हिस्सेदारी खोज्दा त्यहाँ 'मधेसी' भित्र विभिन्न भाषिक र सांस्कृतिक समूहले दाबी गर्दै आएको उदाहरणबाट समेत मधेस पहिचानबाट 'मिथिला' अभिलाषीहरू नतर्सिनुपर्ने देखिन्छ। छिमेकी भारतीय प्रदेश बिहारमै मिथिला-मगध , वैशाली-चम्पारणजस्ता प्राचीन एवं मध्यकालीन पहिचानहरू संरक्षित छन्। आफ्नो अवधारणा मात्र सत्य र अन्तिम हो भनेर मात्र अडिइराख्ने हो भने संघीयताविरोधी तत्त्वहरूले त्यसैलाई आधार बनाएर जनमानसलाई प्रभावित पार्न सक्छन्।

मधेस प्रदेश घोषणा हुँदैमा मधेस आन्दोलनका सबै कार्यभार पूरा हुँदैनन्। यस प्रदेशभित्र बसोबास गरिरहेका गैरमधेसी पहिचानका नागरिकहरूले समेत आफूलाई सुरक्षित र सम्मानित अनुभूति गर्न पाउनुपर्छ। स्थापित र उदीयमान नगर-सहरहरूबीच सामञ्जस्यको खोजी गर्ने काममा प्रदेश सरकार चुकेकै हो। प्रदेशको अगुवाले मधेस आन्दोलनको कार्यदिशाबाट बाटो बिराउने, चूक गर्ने काममा पूर्णविराम लागेको छैन। प्रदेश निर्माण र सशक्तीकरणको अभियान एउटा व्यक्तिले मात्र चाहेर हुँदैन। सामूहिक दायित्व र प्रयासको आवश्यकता पर्छ त्यसलाई, तर सामूहिक दायित्वलाई निर्दिष्ट गन्तव्य दिने काम भने मुख्यमन्त्रीकै हो। नामकरणको सवालमा नेपाली कांग्रेस फेरि चुकेको छ, उसको नेतृत्वले भुइँस्पन्दनलाई बुझ्न नसकेको पक्कै हो। यस्तै राजनीतिक कार्यक्रम बनाउने हो भने कांग्रेसलाई मधेस प्रदेशमा उँभो लाग्न कठिन हुन सक्छ। वीरगन्जको पिपराका एक प्रौढ घुरछेउ रेडियो सुन्दै गर्दा भन्दै थिए(भैया मिलल मधेस प्रदेशबाकिर रह गेल मुद्दा अवशेष! *-इकान्तिपुरबाट*

# दुई हुण्डी कोरोबारी झण्डै १० लाख रकमसहित पक्राउ

**राजविराज**/श्रोत नखुलेका झण्डै १० लाख रुँपैयासहित दुई जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। प्रहरी श्रोतका अनुसार उनीहरु हुण्डी कारोबारी हुन्।

पक्राउ पर्नेहरुमा जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ का २९ वर्षिय राजेशकुमार चौधरी र शम्भुनाथ नगरपालिका १२ का २४ वर्षिय दिलिप कुमार मण्डल छन्। उनीहरुका साथबाट प्रहरीले श्रोत नखुलेको रकम ९ लाख ९० हजार रुँपैया बरामद गरेको छ।

राजविराज ५ स्थित छिन्नमस्ता अस्पताल अगाडी दुबै हुण्डी कारोबारीलाई गोप्य सूचनाको आधारमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई प्रदेश-२-०१-००३ प.३४७८८ नम्बरको मोटरसाइकल र उक्त रकमसहित नियन्त्रणमा लिएको थियो।

जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार भारतबाट मोटरसाइकलमा घर फर्कदै गरेका उनीहरुले बोकेको कालो झोलाबाट १ हजारका सात र पाँच सयका एक हजार ९ सय ६६ थान गरि उक्त परिमाणको रकम बरामद गरिएको हो।

पक्राउ परेकाहरुलाई थप अनुसन्धानका लागि इटहरीस्थित राजश्व अनुसन्धान कार्यालय पठाइएको प्रहरीले जनाएको छ।

# भन्सार छलेको पान मसालासहित दुई पक्राउ

**राजविराज**/टेम्पोमा ल्याउँदै गरेको लाखौं मुल्य बराबरको पान मसालासहित प्रहरीले बरामद गरेको छ भने दुई जनालाई पक्राउ समेत गरेको छ।

सीमावर्ती भारतीय बजारबाट भन्सार छलि चोरबाटो हुँदै ल्याउँदै गरेको उक्त पान मसालासहित टेम्पो चालक सप्तरीको राजगढ गाउँपालिका ५ बस्ने २० वर्षिय चन्दनकुमार मण्डल र सोही गाउँपालिका ३ बस्ने ४६ वर्षिय हरिनारायण साह पक्राउ परेका हुन्।

बिहीबार साँझ हुलाकी मार्ग हुँदै राजविराज प्रवेश गरेको प्रदेश-१-०२-००२ ख. २७०४ नम्बरको टेम्पोलाई राजविराज वडा नं. ७ स्थित खर्साल टोलबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव काफ्लेले जानकारी दिए।

ठूलो परिमाणमा पान मसाला ल्याउँदै गरेको गोप्य सूचनाको आधारमा डिएसपीकै नेतृत्वमा खटेको टोलीले उक्त टेम्पोबाट अवैध रुपमा ल्याइएको ३ सय ३० प्याकेट रजनीगन्धा र १ सय ३६ प्याकेट तुलसी (सूर्ती) बरामद गरेको हो।

त्यस्तै तस्करीमा प्रयोग गरिएको टेम्पोसहित बरामद सामानको ७ लाख १९ हजार ७ सय २० रुँपैया मुल्याङ्कन गरिएको छ।

उनीहरुलाई बरामद सामानसहित आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# लागु औषधसहित तीन पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले प्रतिबन्धित लागु औषधसहित तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सप्तरीको तिरहुत गाउँपालिका ५ का २७ वर्षिय राजकुमार मेहता, सोही वडाका १९ वर्षिय सिन्दु सदा र अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ का २५ वर्षिय बैजु साह छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो।

भारतबाट अवैध रुपमा ल्याउँदै गरेको प्रतिबन्धित लागुऔषध डाइलेक्स डिसि एक सय एमएल १ सय ९० बोतल, डाइजेपाम २ एमएलको सुई, फेनारगन २ एमएलको सुई र लेजेसिक २ एमएलको सुई ९५/९५ का दरले बरामद गरेको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले जानकारी दिएका छन्।

सो क्रममा प्रहरी उपरिक्षक काफ्लेले जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरहीस्थित पूर्वपश्चिम कोशी कनाल पम्प नहरको बाटोमा चेकजाच गर्ने क्रममा उनीहरु पक्राउ परेको जानकारी दिए।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको को.२३प. २७७३ नम्बरको मोटरसाइकलमा चढेका उनीहरु बारे शंका लागि चेकजाच गर्दा प्रतिबन्धित लागुऔषध बरामद गरिएको प्रहरी उपरिक्षक काफ्लेले जानकारी दिए।





राजविराज नगर कार्यपालिकाको कार्यालय सप्तरी


## अन्तर्राष्ट्रिय समाचार

### भारतमा एकैदिनमा थप तीन लाख ३७ हजार संक्रमित

**नयाँ दिल्ली**/भारतमा कोरोनाभाइरसबाट पछिल्लो एक दिनमा थप तीन लाख ३७ हजार ७०४ जना सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीले शनिबार दिएको जानकारीअनुसार, अघिल्लो दिनको तुलनामा नौ हजार ५५० कम सङ्क्रमित भएका हुन्।

अघिल्लो दिन तीन लाख ४७ हजार २५४ जना नयाँ सङ्क्रमित थपिएको स्वास्थ्य मन्त्रालयले जनाएको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्या घटेपनि सङ्क्रमित अवस्थामै रहेकाको कुल सङ्ख्या भने बढीरहेको छ। मन्त्रालयका अनुसार भारतमा अहिले २१ लाख १३ हजार ३६५ सङ्क्रमित अवस्थामै रहेका छन्।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या भने दुई लाख ४२ हजार ६७६ रहेको मन्त्रालयले जनाएको छ।

योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड ६३ लाख एक हजार ४८२ पुगेको अधिकारीले जानकारी दिएका छन्।

भारतमा अहिलेसम्म चार लाख ८८ हजार ८८४ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने ती मध्ये पछिल्लो २४ घण्टामा ४८८ को मृत्यु भएको छ। एजेन्सी

### पाकिस्तानमा विद्यालय बन्दको घोषणा

**इस्लामावाद**/कोरोनाभाइरसको महामारी बढ्दै गएपछि पाकिस्तानका विद्यालय बन्द गर्ने घोषणा गरिएको छ।

कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये एक हजारभन्दा बढी बिरामी अहिले पनि आइसियुमा रहेकाले सतर्कता बढाउनु परेको अधिकारीको भनाइ छ।

महामारी थप फैलिन नदिनका लागि सरकारले देशभरीका सबै विद्यालय एक हप्ता बन्द गर्ने निर्णय गरेको हो।

"सबै प्रकारका शैक्षिक संस्था एक हप्ता बन्द गराउने निर्णय भएको छ," सरकारी निकायद्वारा जारी वक्तव्यमा लेखिएको छ।

पछिल्लो २४ घण्टामा पाकिस्तानमा कोरोनाका कारण १२ को मृत्यु भएको छ। कोरोनाका कारण पाकिस्तानमा अहिलेसम्म २९ हजार ७७ को मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ।

सोही अवधिमा देशभर १३ लाख ६० हजार १९ सङ्क्रमित भएका छन्। तीमध्ये छ हजार ५४० पछिल्लो २४ घण्टामा नयाँ सङ्क्रमित थपिएका हुन्। महामारीको प्रभाव सबैभन्दा धेरै दक्षिणी सिन्ध प्रान्तमा परेको छ।

पाकिस्तानमा अहिले कोरोनाभाइरसको पाँचौं चरणको महामारी सुरु भएको सरकारी अधिकारीले घोषणा गरेका छन्। एजेन्सी

### संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानलाई तीन करोड २० लाख अमेरिकी डलर नगद सहायता प्रदान गर्ने

**काबुल**/संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानलाई बिहीबार तीन करोड २० लाख अमेरिकी डलर मानवीय सहायता प्रदान गरेको छ।

सहायता रकम अफगानिस्तान इन्टरनेशनल बैंक (एआईबी) मार्फत तालिबान सरकारलाई दिइएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

अफगानिस्तानको केन्द्रीय बैंक, डा अफगानिस्तान बैंकले अफगानिस्तानलाई संयुक्त राष्ट्रसङ्घीय सहायता आइरहेको र उनीहरूले तीन करोड २० लाख अमेरिकी डलर नगद प्राप्त गरेको यहाँको समाचार संस्था खामा प्रेसले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेको छ।

तालिबान सरकारले सहयोगहरूको खाँचो देखिएमा मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने सबै मानवीय सहयोग स्वीकार गर्ने बताएको छ।

उक्त सहायता रकम संयुक्त राष्ट्रसङ्घले सन् २०२२ मार्चसम्म साप्ताहिक रूपमा अफगानिस्तानलाई उपलब्ध गराउने भनेको तीन करोड अमेरिकी डलर सहयोग कार्यक्रमको एक भाग हो।

तालिबानले अगस्ट १५ मा काबुललाई आफ्नो नियन्त्रणमा लिएपछि अफगानिस्तानमा आर्थिक, मानवीय र सुरक्षा सङ्कट गहिरो बन्दै गएको छ।

तालिबान समूहले अफगानिस्तानको सत्ता आफ्नो नियन्त्रणमा लिएसँगै अमेरिका तथा युरोपेली मुलुकहरूले विदेशमा रहेको अफगानिस्तानी सम्पत्ति रोकेपछि वैदेशिक सहायतामा आश्रित अफगानी अर्थतन्त्र सङ्कटग्रस्त बनेको बताईदै आएको छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विभिन्न अन्तर्राष्ट्रिय समुदायले अफगान जनतालाई सङ्कटमा विभिन्न सहयोग गर्दै आएका छन्। एजेन्सी

# विवेकसहित १६ सदस्यीय क्रिकेट टिमको घोषणा



**राजबिराज**/टि ट्वान्टी क्रिकेट विश्वकप ग्लोबल छनोट प्रतियोगिताका लागि १६ सदस्यीय क्रिकेट टिमको घोषणा गरिएको छ ।

आगामी फेब्रअरी १७ तारिख देखि ओमानमा हुने प्रतियोगिताका लागि नेपाल क्रिकेट संघले बिहीबार घोषणा गरेको उक्त टिममा सप्तरीका अलराउन्डर बिवेक यादव पर्न सफल भएका छन् ।

बिबेक यादव पछिल्लो समय घरेलु क्रिकेटमा पनि उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । यु १९ राष्ट्रिय टिमको लागि खेलिसकेका अलराउण्डर यादवले प्रधानमन्त्री कपमा ४ खेलमा ८७ रन बनाएका थिए । गत वर्ष एभरेस्ट प्रिमियर लिगमा शानदार ब्याटिंग गरेका यादवले ५ इनिङमा १ सय १६ रन बनाएका थिए ।

सन्दिप लामिछानेको कप्तानीमा ब्याट्सम्यानहरुमा कुशल भुर्तेल, आसिफ शेख, दिपेन्द्र ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेसवाकर, आरिफ शेख, कुशल मल्ल, बिबेक यादव, प्रदिप ऐरी र लोकेश बम छन् भने बलरहरुमा करन केसी, अविनाश बोहरा, कमल सिंह ऐरी, जितेन्द्र मुखिया र शाहब आलम छनोट भएका छन् ।

नेपालले ओमानमा फ्रेबअरी १७ देखि २४ तारिखमा ग्लोबल क्वालीफायर 'ए' खेल्दैछ । प्रतियोगितामा नेपालसहित आयोजक ओमान, आयरल्याण्ड, जर्मनी, फिलिपिन्स, युएई, बहराईन, क्यानडा प्रतिस्पर्धा गर्दैछन् ।

# काँग्रेसको अधिवेशन पुनः स्थगित

**काठमाडौं**/नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत जिल्ला कार्यसमितिको निर्वाचन हुन बाँकी १६ जिल्लाको अधिवेशन पुनः स्थगित गरिएको छ ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिले शुक्रबार विज्ञप्तिमार्फत जिल्ला अधिवेशन हुन बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, चितवन, नवलपुर, बाँके, कैलाली, र अछामको अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि हाललाई स्थगन गरिएको जनाएको छ ।

यही माघ १५ गते गर्ने भनिएका उक्त जिल्लाको जिल्ला अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि स्वास्थ्य सुरक्षाको जोखिमलाई ध्यानमा राखी हाललाई स्थगित गरिएको समिति सचिव केशव रिजालले जानकारी दिए ।

सङ्क्रमण जोखिम न्यूनीकरण भएर आम जनजीवन सामान्य बन्दै गएपछि उक्त जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचन तत्काल गरिने उनले बताए ।

# महोत्तरीमा श्रोत नखुलेको ५० लाखसहित पाँच पक्राउ

**महोत्तरी**/महोत्तरी प्रहरीले जिल्लाका विभिन्न स्थानबाट स्रोत नखुलेको ५० लाखसहित पाँच जनालाई पक्राउ गरेको छ ।

विगत पाँच दिनमा श्रोत नखुलेको ४६ लाख चार हजार २०० र १५ लाख ३६ हजार बराबरको चेक, दुई हजार जाली नोट र करिब तीन लाख नक्कली नोट बनाउने कागजसहित पाँच जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।


प्रहरीले गत माघ ३ गतेका दिन जिल्लाको मटिहानी नगरपालिका-८ स्थित नेपाल भारत दशगजा क्षेत्रबाट मटिहानी नपा-३ बस्ने २३ वर्षीय सहाउद्दिन राईनलाई स्रोत नखुलेको ३० लाखसहित पक्राउ गरेको थियो ।

त्यस्तै सोही दिन जलेश्वर नपा ३ स्थित जिल्लाको मुख्य भन्सार कार्यालय जलेश्वर अगाडि भारतबाट आएका धनुषा जिल्लाको जनकपुर उमनपा-६ बस्ने २६ वर्षीय मोहम्मद जाहिर रेजा र लक्ष्मिनियाँ गापा-१ बस्ने २३ वर्षीय असरफ मोहम्मदलाई रु चार हजार २०० र करिब रु तीन लाख बराबरको रु ५०० र रु १०० का नक्कली नोट बनाउने काजगसहित प्रहरीले पक्राउ गरेको थियो ।

त्यसैगरी माघ ६ गते मटिहानी नपा-३ स्थित पेट्रोलपम्प अगाडिबाट प्रहरीले रु दुई हजार नेपाली नक्कली नोटसहित भारतको विहार राज्यको सीतामढी जिल्लाको मेघपुर ग्रामपञ्चायत बस्ने ४० वर्षीय नुरुल जोल्हालाई पक्राउ गरेको थियो ।

यस्तै ७ गते जलेश्वरको मुख्य भन्सार कार्यालय अगाडिबाट प्रहरीले भारतबाट नेपाल आउँदै गरेका भारत विहार राज्यको सीतामढी जिल्लाको सुरसण्ड शहर बस्ने ३९ वर्षीय उदयकुमार साहलाई स्रोत नखुलेको नौ लाख ९६ हजार ४०० भारतीय रुपैयाँ र नौ लाख ६० हजार भारतीय रुपैयाँ बराबरको भारतका विभिन्न बैंकको चेकसहित पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले जिल्लाको भारतीय सिमानाका तथा कुनै पनि नेपाली गाउँ सहरमा त्यस्ता कारोबार गर्नेलाई प्रहरीले सूक्ष्म तरिकाले खोजतलास तथा अनुसन्धान गरेर पक्राउ तथा कारबाहीका लागि तीव्रता दिएको छ बताए ।


अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*